**नेपाल नागरिक उड्डयन प्राधिकरण**

प्राविधिक सेवा, एट्रास समूह, नवौ तह, प्रवन्धक पदको

नमूना प्रश्नपत्र

**पत्र : प्रथम**

**समय : ३ घण्टा**

**विषय : व्यवस्थापन तथा कानून** **पूर्णाङ्क १००**

| |
|---|
| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |

**खण्ड क** **५० अङ्क**

१. संगठनमा संचारको महत्व दर्शाउनुहोस् । संचार प्रक्रियामा देखापर्ने अवरोधहरु केलाउँदै सो अवरोध हटाउने उपायहरु बताउनुहोस् । ३+३+४ =१०

२. व्यवस्थापनका अवधारणाका बारेमा चर्चा गर्दै संगठनलाई सफल बनाउन व्यवस्थापकीय नेतृत्वमा के-कस्ता कुशलता र नेतृत्व गुण आवश्यक हुन्छ ? उल्लेख गर्नुहोस् । ५+५ =१०

३. नेपालले आर्थिक उदारीकरण नीति अवलम्बन गरेपछि हवाई क्षेत्रमा के-कस्तो सकारात्मक एवं नकारात्मक असर पर्‍यो ? विवेचना गर्दै अन्य निजी हवाई सेवाको तुलनामा सरकारी हवाई सेवाको सेवा प्रवाहको अवस्था कस्तो रहेका छन् ? चर्चा गर्नुहोस । ७+३=१०

४. मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बारा जिल्लाको निजगढस्थित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य आ.व. ०७१/७२ मा प्रारम्भ भई आ.व. ०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको थियो । हालसम्म यस योजना निर्माणको मोाडालिटी समेत तय हुन सकेको छैन । जग्गा अधिग्रहणको कार्य सुस्त गतिमा छ । विमानस्थल क्षेत्रमा रहेको अस्थाई बसोबासयुक्त बस्ती हटाउन सकिएको छैन र वन क्षेत्रका रुखहरु खाली गर्ने स्वीकृति पनि प्राप्त हुन सकेको छैन । विमानस्थलको डिजाईन गर्ने कोरियन कम्पनीको डिजाईन प्रयोग गर्ने वा नगर्ने निर्क्योल भएको छैन भने नयाँ डिजाईनको काम पनि अघि बढेको देखिंदैन । मुलुकको विकासमा फड्को मार्ने महत्वपूर्ण मानिएको यस राष्ट्रिय गौरवको आयोजनामा देखिएको समस्याहरुको पहिचान गर्दै यसका कारणहरु उल्लेख गर्नुहोस् । विद्यमान नीति, ऐन, नियम तथा कार्यक्रमबारे उल्लेख गर्दै यस आयोजनाको समस्या समाधान गर्न के-कस्ता उपायहरु अवलम्बन गनुपर्ला ? व्यवहारिक र कार्यान्वयन योग्य सुझाव गर्नुहोस् । ५+४+ ५+६ =२०

**खण्ड ख** **५० अङ्क**

५. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्था अनुसार कुनै व्यक्तिले कुनै संस्थाको गतिविधि बारे सूचना माग गर्दा अपनाउनुपर्ने विधिबारे समीक्षात्मक टिप्पणी गर्नुहोस् । १०

६. सार्वजनिक प्रशासनका नवीन प्रवृत्तिहरु (Emerging Trends) बारे संक्षिप्त विवेचना गर्दै नेपाल नागरिक उड्डयन प्राधिकरणका यात्रु सेवा सुविधामा सुधार तथा वायु सेवालाई प्रतिस्पर्धात्मक रुपमा आकर्षक बनाउन के-कस्ता उपायहरु अवलम्बन गर्नुपर्ने देख्नुहुन्छ ? आफ्नो मौलिक धारणा प्रस्तुत गर्नुहोस् । ६+४=१०

७. नेपाल नागरिक उड्डयन प्राधिकरणले वायु सेवा संचालन सम्बन्धी नियामक र विमानस्थलको संचालन सम्बन्धी व्यवस्थापनको भूमिका खेलिरहेको सन्दर्भमा हवाई सेवा जस्तो संवेदनशील क्षेत्रमा एकै निकायबाट यस प्रकारको दोहोरो जिम्मेवारी निर्वाह हुनु कति उपयुक्त देख्नु हुन्छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् । ५+५=१०

८. नेपाल सरकारले आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । नेपालमा हाल एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थल छ । यसका लागि पर्यटन पनि महत्वपूर्ण क्षेत्र हो । पर्यटकको संख्या नबढाई पर्यटन विकासमा फड्को मार्न सकिँदैन । यसको अभावमा आीर्थक समृद्धि हासिल गर्न गाह्रो हुन सक्दछ । विमानस्थलहरुको व्यवस्थापन पनि कमजोर छ । उपयुक्त सन्दर्भमा समस्याको पहिचान गर्दै यसका कारणहरु उल्लेख गर्नुहोस् । साथै उपलव्ध ऐन, नीति, नियम तथा कार्यक्रमहरुको संक्षिप्त चर्चा गर्दै समस्या समाधारका बारेमा विवेचनात्मक प्रस्तुती दिनुहोस् । ७+६+७= २०

**समाप्त**

**पत्र : द्वितीय**
**समय : ३ घण्टा**

**विषय : सेवा सम्बन्धी** **पूर्णाङ्क १००**

प्रत्येक Section को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

**SECTION ' A'** **60 Marks**

1. What are the objective of competitive bidding for procurement of goods and services ? What are the main elements to be covered in I.C.B. documents? At what stage of project implementation LOI and EOI are issued? State. 4+4+2=10

2. Describe TCP / IP protocol suite. Why is it more in use than ISO /OSI reference model? 10

3. What are ISDN derives? Write ISDN components and reference points. 10

4. Based on existing laws, regulations, goals and objectives of Civil Aviation Authority of Nepal (CAAN), develop Key Performance Indicators (KPI) for CAAN's efficiency and effectiveness. 20

5. Discuss the isolation and surge protection techniques employed for aviation ground supply system. 10

**SECTION 'B'** **40 Marks**

6. Compare four major Global Navigation Satellite System (GNSS) currently available in the world. Also mention regions of their application. 10

7. Discuss the electronic security system developed at Tribhuvan International Airport. Suggest ways to improve their performance. 10

8. How mono- pulse radar helps aviation safety in the context of Nepalese aero- space? Discuss 20

**-The End-**